"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकु ।

## प्रेस विज्ञप्ति

मितिः २०८०/०८/१४

१. इण्डियन आयल कर्पोरेशनबाट आज ३० नोभेम्वर, २०२३ (मंसिर १४, २०८०) मा प्राप्त नयाँ खरिद मूल्य अनुसार पेट्रोल तथा डिजेलको मूल्यमा क्रमशः प्रति लिटर रू. २।१२ र रू. ४।०९ ले घटेर आएको तथा एल. पि. ग्यासको मूल्यमा प्रति सिलिण्डर रू. २१।१४ ले बृद्धि भई प्रति सिलिण्डर नोक्सानी रु. ३०० भएतापनि आमउपभोक्ताको हितलाई मध्यनजर गर्दै निगम संचालक समितिको मिति २०८०/०८/१४ को निर्णय अनुसार हाललाई एल. पि. ग्यासको मूल्य यथावत राखी भोलि १ डिसेम्वर, २०२३ (२०८०/०८/१५) बिहान ००:०१ बजेदेखि लागू हुने गरी साविकको खुद्रा विक्री मूल्यमा पेट्रोलमा प्रति लिटर रु. २।०० तथा डिजेल/मट्टितेलमा प्रति लिटर रू. ४।०० ले घटाईएको छ।

२. समायोजन पश्चात् पेट्रोलियम पदार्थको हकमा निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटर तथा एल. पि. ग्यासको हकमा ५० किलोमिटरसम्मका लागि देहाय बमोजिम नयाँ खुद्रा विक्री मूल्य कायम भएको छ।

| क. सं. | पेट्रोलियम पदार्थ | **साविकको खुद्रा विक्री मूल्य रु. (प्रति लिटर/सिलिण्डर)** | | | **मिति २०८०।०८।१५ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा बिक्री मूल्य मू. अ. कर सहित रु.(प्रति लिटर/सिलिण्डर)** | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | १६९।५० | १७१।०० | १७२।०० | १६७।५० | १६९।०० | १७०।०० |
| २. | डिजेल/मट्टितेल | १६१।५० | १६३।०० | १६४।०० | १५७।५० | १५९।०० | १६०।०० |
| ३. | एल. पि. ग्यास | १,८९५।०० | | | १,८९५।०० | | |

नोटः पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज ।

दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ्ग ।

तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल ।

धन्यवाद् ।

२०८०/८/१४

प्रवक्ता